मध्यपुर थिमि नगरपालिका स्थानीय सरकार २०७३

आज मिति २०७९ साल मंसिर २२ गते बिहीबारका दिनको ११:०० बजे यस मध्यपुर थिमि नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको चौथो बैठक बस्यो ।

उपस्थिति

| क.सं. | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | सुरेन्द्र श्रेष्ठ | उपस्थित |
| २ | उप प्रमुख | बिजय कृष्ण श्रेष्ठ | उपस्थित |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | बाबुकाजी डंगोल उपस्थित | उपस्थित |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्रीकृष्ण श्रेष्ठ | उपस्थित |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | कृष्ण हरी आर्चाय | उपस्थित |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | बालकृष्ण (पात्या) श्रेष्ठ | उपस्थित |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | बालकृष्ण श्रेष्ठ | उपस्थित |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | ज्ञानदास प्रजापति | उपस्थित |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | कृष्ण कुमार प्रजापति | उपस्थित |
| १० | वडा अध्यक्ष,वडा नं.८ | रमेश थापा श्रेष्ठ | उपस्थित |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | सानु काजी राजबहाक | उपस्थित |
| १२ | कार्यपालिका सदस्य | सरोज परियार | उपस्थित |
| १३ | कार्यपालिका सदस्य | उजला थापा श्रेष्ठ | उपस्थित |
| १४ | कार्यपालिका सदस्य | शर्मिला विश्वकर्मा | उपस्थित |
| १५ | कार्यपालिका सदस्य | तुईल माया चक्रधर | उपस्थित |
| १६ | कार्यपालिका सदस्य | सिता विश्वकर्मा | उपस्थित |
| १७ | कार्यपालिका सदस्य | सरस्वती खड्का | उपस्थित |
| १८ | कार्यपालिका सदस्य | जसे सार्की | उपस्थित |
| १९ | कार्यपालिका सदस्य | बालकृष्ण परियार | उपस्थित |
| २० | सदस्य -सचिब | बिजयराज सुवेदी | उपस्थित |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| २१ | महाशाखा प्रमुख | केशब सिलवाल | उपस्थित |
| २२ | महाशाखा प्रमुख | सत्य नारायण साह | उपस्थित |
| २३ | अधिकृत छैठौं | कृष्ण सुन्दर थापा मगर | उपस्थित |
| २४ | क.अपरेटर | सृजना श्रेष्ठ | उपस्थित |
| २५ | अमिन | गोकुल रेग्मी | उपस्थित |

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

निणर्य १.

यस नगरपालिका क्षेत्र भित्रका बिभिन्न टोल बस्तीहरुको स्थानीय मौलिक नामलाई अपभ्रस, परिबर्तन वा प्रयोग बिहिन हुनबाट जोगाएर अभिलेखीकरण एवम् प्रतिस्थापन गर्न गठित समितिबाट मौलिक नाम अभिलेखीकरण तथा प्रतिस्थापन कार्यका लागि समिति मार्फत गरिने बिभिन्न गतिविधिहरु र बिबरण संकलन कार्य समेतका लागि रु.८,६७,००० । (रुपैया आठ लाख सतसट्ठी हजार मात्र ) बजेट व्यवस्थाका लागि नगरपालिका समक्ष अनुरोध भई आएको सम्बन्धमा छलफल हुदां चालु आ.ब.को.सि.न.१०९ ख.शि.नं २२५२२ मा विनियोजित बजेट बाट खर्च व्यहोर्न गरि उपलब्ध गराउने ।

निणर्य २.

यस नगरपालिका लागि दैनिक कार्य संचालनका लागि आबश्यक पर्ने निम्न लिखित नियमावली, कार्यबिधि, निर्देशिका सोत तयार गर्न /गराउन  नपा कार्यालयलाई निर्देशन दिने ।

तपसिल

क. मध्यपुर थिमि नगरपालिकाको शिक्षा नियमाबली २०७९

ख. मध्यपुर थिमि नगरपालिकाको स्वास्थ्य नियमाबली २०७९

ग. मध्यपुर थिमि नगरपालिकाको सहकारी नियमावली-२०७९

ग. मध्यपुर थिमि नगरपालिकाको आन्तरिक नियन्त्रण कार्यविधि -२०७९

घ. मध्यपुर थिमि नगरपालिकाको सेवा प्रवाह कार्यविधि-२०७९

ङ. मध्यपुर थिमि नगरपालिकाको मध्यकालीन खर्च संरचना (आ.व २०८०-८१)

च. मध्यपुर थिमि नगरपालिकाको आवधिक योजना (२०८०/०८१-(२०८४/०८५)

छ. मध्यपुर थिमि नगरपालिकाको संगठन तथा ब्यबस्थापन ( O.M )

निणर्य ३

यस नगरपालिका वडा नं ८ स्थित महालक्ष्मी मन्दिरको उत्तरतर्फ भाँगुमा पहिरो गई जनधन र बस्ती नै जोखिम पेकोले सो पहिरो नियन्त्रण गर्न अति आबश्यक भएको तर उक्त कार्यका लागि अन्य बजेट ब्यबस्था नभएको हुंदा चा.लु आ.बको ब.शि.नं ३११११ मा बिनियोजत बजेट रु. १८ करोड मध्येबाट रु. २ करोड रकमान्तरण गरी नगरसभाबाट अनुमोदन हुने गरी कार्य  गर्ने /गराउने  ।

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

निणर्य ४.

यस नगरपालिका भित्रको सामुदायिक बिधालयका विधार्थी (कक्षा ९ र १०) का लाई बृत्तिमार्ग निर्देशन कार्यक्रम संचालन गर्न नपुग रु १,००,००० ।-चालु आ.ब.को २०७९/०८० को सि.न.१०९ ख.सि.नं.२२५२९ को अन्य कार्यकममा विनियोजित बजेट ब्यबस्था गरी सहकार्य गर्ने ।

निणर्य ५

सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ च.नं २१७ को पत्र अनुसार यस नगरपालिकामा सेवा करारमा कार्यरत महिला कर्मचारीहरुका लागि सुत्केरीको अघिपछि गरी ६० दिन प्रश्रुति बिदा दिन गरेकोमा अब उपरान्त सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५को दफा ८ बमोजिम सुत्केरीको अघिपछि गरी तलब सहित ९८ दिन प्रश्रुति विदा दिने ।

निणर्य नं ६.

राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयमसेबिका कार्यक्रम रणनिति २०६७ अनुसार महिला सामुदायिक स्वास्थ्य स्वम सेबिकाले ६० बर्षको उमेर सम्म काम गर्न सक्नेछन् । यदि कसैले ६० बर्षको उमेर पछि पनि स्वम सेवा गर्न चाहेमा सरकारले उपलब्ध गराउने सेवा सुविधा उपलब्ध गराउने छैन भन्ने ब्यबस्था भएकोले यस नगरपालिकामा कार्यरत ६० बर्ष नाघेका महिला सामुदायिक स्वास्थ्य स्वंम सेबिका लाई १५ दिने सुचना प्रकाशन गरी इच्छुक सामुदायिक स्वास्थ्य स्वंमसेविका लागि दरखास्त आब्हान गर्ने र उक्त अवधिमा पर्न आएका दरखास्त दिने महिला स्वास्थ्य स्वयमसेविका लागि प्रोत्साहन स्वरुप रु. १,००,०००। ( एकलाख मात्र ) चालु आ.बमा सो कार्यका लागि विनियोजित बजेटबाट उपलब्ध गराइ प्रोत्साहन सहित बिदा गर्ने ।

निणर्य नं ७

यस नगरपालिकाको परम्परागत कला संस्कृतिको जगेर्ना गर्दै मनाईने देहाय बमोजिमका चार्ड पर्बलाई देहाय बमोजिमको रकम चालु आ.बको सि.नं ११० ख.शि नं २५३१४ मा विनियोजित बजेटबाट खर्च ब्यहोने गरी उपलब्ध गराउने ।

तपसिल

| सि.नं | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | नबदुर्गा देवगण जात्रा तथा मन्दिर ब्यबस्थापन संस्था गक्षे भक्तपुर - ९ | रु.६,५०,०००। (अक्षरेपी छ लाख पचास हजार मात्र ) | |
| २ | ज्यापु महागुथि नेपा म.थि.न.पा नगदेश - ७ | रु.२०,०००।(अक्षरेपी बिस हजार मात्र) | |
| ३ | श्री सिद्धिकाली रामायण भजन मण्डल परिवार म.थि.न.पा - ५ | रु.५०,०००।(अक्षरेपी पचास हजार मात्र) | |
| ४ | नगदेश ज्ञानमाला भजन खल खल ः नगदेश म.थि.न.पा - ७ | रु.५०,०००।(अक्षरेपी पचास हजार मात्र | |
| ५ | नित्यनाथ भजन समुह म.थि.न.पा - ५ | रु.५०,०००।(अक्षरेपी पचास हजार मात्र | |

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
भद्रपुर भिमि नगरपालिका
२०७३

निणर्य नं ८

यस कार्यालयबाट प्रदान गरिने सेवा प्रबाहलाई चुष्ट दुरुस्थ , छिटो छरितो प्रदान गर्न श्रम डेक्स स्थापना गर्ने ।

निणर्य नं ९

यस कार्यालयमा कार्यरत इलेक्ट्रिसियन , सबारी चालकहरुलाई निजले सार्बजनिक बिदा र अन्य दिन कार्यालय समय भन्दा अधिपछि कार्य गरे बापत सम्बन्धीत शाखाको कार्य प्रमाणित सहित महाशाखा प्रमुखको सिफारिसको आधारमा कार्यालयमा उपस्थित भएको दिन मात्र खाना /खाजा बापत दैनिक रु. २०० । ( दुई सय मात्र) उपलब्ध गराउने ।

निणर्य नं १०

नगरबासीको स्वास्थ्य सेवालाई उच्च प्राथमिकतामा राखि यस नगरपालिका वडा नं २,३ र ५ मा स्थापन गरिएको शहरी स्वास्थ्य केन्द्रको जानकारी सम्बन्धीत निकायलाई गर्ने ।

निणर्य नं ११

यस नगरपालिका वडा नं २,३ र ५ मा स्थापन गरिएको शहरी स्वास्थ्य केन्द्र / ७ नं वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगीहरुलाई अर्को ब्यबस्था नहुन्जेलसम्म सम्बन्धीत स्वास्थ्य केन्द्र / वडा कार्यालयको डोर हाजिर प्रमाणितको आधारमा नगर दररेट अनुसार पारिश्रमिक उपलब्ध गराउर्ने ।

निणर्य नं १२

यस नगरपालिकाको लागि देहाय बमोजिमका प्राबिधिक कर्मचारीहरु सेवा करारमा नियुक्ती गर्ने ।

तपसिल

| सि.नं | पद /नाम | संख्या | काम गर्ने कार्यालय | कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पशु चिकित्सक | १ | नगरपालिका कार्यालय | बागमति प्रदेश | बागमति प्रदेशको कार्यक्रमको निरन्तरता रहे सम्म मात्र |
| २ | नगर प्रहरी सहायक निरिक्षक | १ | नगरपालिका कार्यालय | नगरपालिका | |
| ३ | सर्बेक्षक | १ | नगरपालिका कार्यालय | नगरपालिका | |
| ४ | भारी सवारी चालक | ३ | नगरपालिका कार्यालय | नगरपालिका | |
| ५ | दुरत कार्य सहयोगी | ८ | नगरपालिका क्षेत्र भित्र | नगरपालिका | |
| ६ | कार्यालय सहयोगी | ३ | वडास्तरीय स्वास्थ्य संस्थाका लागि | नगरपालिका | |

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

निणर्य नं १३

यस नगरपालिका वडा नं ४ स्थित आर्दश मा.बि लायकुलाई शिक्षा बिकास निर्देशनालय बागमति प्रदेश हैटौडा बाट अनुदान बापत प्रास हुने बसको संचालन तथा व्यबस्थापन खर्च नगरपालिकाले गर्ने ।

निणर्य नं १४.

मिति २०७९ कार्तिक ३० गते वडा न.६ माथिल्लो कुन्डोल निवासी श्री आत्माराम खत्री के.सी. र हरि शरण के.सी.को घरमा आगो लागि भई जनधन समेतको क्षति भएकोले राहत स्वरूप प्रकोप व्यबस्थापन कोषबाट अनुदान स्वरूप रु.१,००,०००/- भुक्तानी भएको रकम अनुमोदन गर्ने ।

निणर्य नं १५

यस नगरपालिकाको जेष्ठ नागरिक स्वास्थ्य बिमा कार्यबिधि २०७९ आबश्यक परिमार्जन सहित देहाय बमोजिम हुने गरि स्विकृत गर्ने निणर्य गरियो ।

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

निणर्य नं १६

यस नगरपालिका वडा नं ३ गट्टाघर स्थित अग्रज जेष्ठ नागरिक समाज नेपालको भवनको झयाल ठोका टायल मार्बल रंगरोगन बाथरुम समेत निर्माण गर्न चालु आ.बमा बिनियोजित बजेटको ख.शि.नं ३१५११ भैपरी आउने पुंजीगत बाट ख.शि.नं ३११२२ मा रकमान्तर गरी रु. १०,००,००० ।(अक्षरेपी दश लाख मात्र ) दिने ।

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत